**रिन्यू 2024**

**विषयहरू**

- **मुख्य सभाहरू**
- **कार्यशालाहरू**
- **गोलमेचहरू**
- **स्थानहरू**
- **भोज तथा रमाइलो !**

रिन्यू २०२४ को अवधारणालाई मूर्तरूप दिँदा यसको मुख्य सभा, कार्यशाला तथा गतिविधिहरू, दृश्यात्मक पहिचान तथा स्थानहरूको चयन गर्ने जस्ता कामहरूमा यौनकर्मीहरूलाई केन्द्रमा राखेर काम गरिएको थियो । क्रिया (CREA) को लामो समयदेखिको मित्र तथा ग्राफिक डिजाइनर शेर्ना दास्तुरले यस सम्मेलनका लागि बनाएकी सबै सामग्रीहरूमा यौनकर्मीहरूको आवाज तथा अनुहारलाई अगाडि र मध्य भागमा राखेकी छिन् । यस सम्मेलनमा सहभागी हुने व्यक्तिहरूले विविध भाषा बोल्ने भएकाले उनले आफ्नो डिजाइनमा यहाँका भाषाहरूलाई राम्रोसँग बुनेकी छिन् । हाम्रो वरपर देखिएका यौनकर्मीहरूका शब्दहरूलाई शर्मिला भुषणको टोलीले वंगला, हिन्दी, नेपाली, तामिल, सिंहला तथा उर्दू गरी यस क्षेत्रका छ भाषामा अनुवाद गरेको छ । क्रिया (CREA) का अर्का मित्र यस चन्द्रले सम्मेलनमा प्रयोग हुने स्थानहरू तयार पार्दा दिगोपनलाई समावेश गरेका छन् र प्लास्टिक तथा सिन्थेटिकहरूको ठाउँमा प्राकृतिक रेसा तथा सामग्रीहरूको प्रयोग गरेका छन् । प्रतिबद्ध नारीवादीहरू सबैलाई धन्यवाद !

# मुख्य सभाहरू

**मुख्य सभा भनेको के हो ?** मुख्य सभा भनेको कुनै पनि सम्मेलन वा सभामा सबै व्यक्तिहरू उपस्थित भई सञ्चालन गरिने मुख्य कार्यक्रमको सत्र हो । यसमा रहेका विषयहरू बृहत् र विविधता भएका हुन्छन् र त्यहाँ उपस्थित सबैका लागि अर्थपूर्ण र रमाइलो बनाउने प्रयास गरिन्छ ।

मे २९: बिहानीको मुख्य सभा (११:३० – १३:००)

**नृत्य कार्यक्रमबाट सुरुवात**
जागृति महिला महासंघ (जेएम्एम्एस्) नेपालका सदस्यहरूको तर्फबाट यो प्रस्तुति हुनेछ । सन् २००६ मा स्थापना गरिएको जेएम्एम्एस् नेपालमा रहेका महिला यौनकर्मीहरूको राष्ट्रिय सञ्जाल हो । जेएम्एम्एस्ले यौनकर्मीहरूका अधिकारहरू, पेशागत सुरक्षा, हिंसा, एच्आईभी-एड्स रोकथाम, तथा यौन तथा प्रजनन स्वास्थ्य अधिकारका सवालहरूमा ध्यान दिएको छ ।

**स्वागत मन्तव्य**
गीताञ्जली मिश्र, सीआरईए, विश्वव्यापीकी कार्यकारी निर्देशकले सहभागीहरूलाई सम्मेलनमा स्वागत गर्नुहुनेछ ।

**किन यो सम्मेलन गर्न लागेको ?**
यौनकर्मी तथा उनीहरूका मित्रहरूका लागि यो दक्षिण एसियाली स्तरको सम्मेलनको किन महत्त्वपूर्ण छ र सामयिक छ भन्नेमा वंगलादेश, नेपाल, पाकिस्तान तथा श्रीलंकाका कुल चार प्रतिनिधिहरूले आफ्ना दृष्टिकोणहरू साझा गर्छन् ।

**जोया सिक्डर, वंगलादेश**
पारलैंगित तथा लैंगिक रूपमा विविधता रहेका समुदायहरूको अधिकार सुनिश्ति गर्न काम गर्ने सोमपूर्णकी संस्थापक तथा अध्यक्ष; वंगलादेशको यौनकर्मीहरुको सञ्जालको अध्यक्ष ।

**शोभा डंगोल, नेपाल**
सन् २००७ मा उनको नेतृत्वमा महिला यौनकर्मीहरूले महिला यौनकर्मीहरूको नेतृत्वमा दर्ता भएको देशको पहिलो संस्थाको रूपमा नारी चेतना समाजको दर्ता गरेका थिए ।

**शाहजादी पिरजाडो, पाकिस्तान**
शाहजादीले सामुदायिक विकास संस्था, गैर सरकारी संस्था तथा सरकारसँग मिली सीमान्तकृत समुदाय हुर्कने फैलने ठाउँ निर्माणका लागि वातावरण बनाउने र उनीहरूलाई आधारभूत स्वास्थ्यमा पहुँच दिलाउन मद्दत गर्छिन् ।

**इन्द्रानी कुसुमालथा, श्रीलंका**
सहरी क्षेत्रभन्दा बाहिर रहेका यौनकर्मी तथा एलजीबीटी समुदायका व्यक्तिहरूसँग काम गर्ने सामुदायिक संस्था प्रजा दिरिया पदनामाको सक्रिय सदस्य हुन् ।

**यौनकर्मीहरुको कुरा सुन्ने**

सहजीकरण गरिएर खुल्ला रूपमा बोल्न मिल्ने सत्रमा वंगलादेश, भारत, नेपाल, पाकिस्तान तथा श्रीलंकाका यौनकर्मीहरूले आफ्ना प्रतिरोध तथा उत्थानशीलताका भोगाइहरूलाई साझा गर्नेछन् ।

*सहजकर्ताः*

**नाज्री, भारत**

भारतको एउटै महिलाको नेतृत्वमा चलेको नैतिकवान् तथा स्वतन्त्र ग्रामीण न्युजको रूपमा चिनिएको खबर लहरियाकी वरिष्ठ संवाददाता ।

*वक्ताहरूः*

**विशाखा लस्कर, भारत**

पश्चिम वंगालमा रहेका यौनकर्मीहरूको साझा समूह दरबार महिला समन्वयन समितिकी सचिव ।

**इस्मत आरा, वंगलादेश**

सन् २००९ मा एक सामुदायिक संस्था नारी उन्यन संघ, संगपुरको स्थापना गरी यौनकर्मी तथा महिला अधिकारको आन्दोलनमा नजिकबाट सहभागी भइन् ।

**किरण देशमुख, भारत**

यौनकर्मीहरूको समूह वेश्या अन्याय मुक्ति परिषद्की सदस्य हुन् ।

**लक्ष्मी रानाभाट, नेपाल**

जागृतिम महिला संघको पूर्व राष्ट्रिय कार्यकारी निर्देशक; गण्डकी प्रदेशको प्रादेशिक यौनकर्मीहरूको सञ्जाल गोरेटो नेपालकी संस्थापक तथा कार्यकारी निर्देशक ।

**लिली अख्तर, वंगलादेश**

वंगलादेशका यौनकर्मीहरूको सञ्जालकी अध्यक्ष; स्वनिर्भर महिला संस्था, मनिकगञ्ज, वंगलादेशकी कार्यकारी निर्देशक ।

**सुल्ताना वेगम, भारत**

भारतको राजस्थानको अजमेरका यौनकर्मीहरूको सामुदायिक संस्था सर्वोदय समितिकी सचिव ।

**सकुनी मायादुन्ने, श्रीलंका**

पारलैंगिक यौनकर्मीहरूको संस्था ट्रान्स इक्वालिटी ट्रस्ट, श्रीलंकाकी संस्थापक तथा निर्देशक ।

**तुलसी गान्धारी, नेपाल**

जागृति महिला संघकी अध्यक्ष; आफ्नो समुदायमा महिलाहरूलाई सशक्तिकरण तथा सहयोग गर्नका लागि केन्द्रित संस्था एकीकृत महिला संघको स्थापना गरेको ।

**एस्, पाकिस्तान**

घाजी सामाजिक कल्याण संगठनसँग काम गर्ने सामुदायिक सदस्य ।

**एफ, पाकिस्तान** - एक्टिभ हेल्प अर्गनाइजेसनसँग काम गर्ने समुदायका सदस्य

**सी, श्रीलंका**

महिला यौनकर्मीहरूको अधिकारका लागि काम गर्ने संस्था अभिमानी महिला समूहकी अध्यक्ष ।

**चाल्नुपर्ने कदम:** सुनिता कुजुर, भारत तथा एस्‌डब्ल्यूएस्‌ए

सुनिता तथा एस्‌डब्ल्यूएस्‌एका यौनकर्मी सदस्यले विश्वव्यापी पैरवी मञ्चहरूमा दक्षिण एसियाली यौनकर्मी तथा उनीहरूका मित्रहरूको उपस्थिति र/वा यौनकर्मीहरूले सामना गर्नुपर्ने विभिन्न खालका हैरानीको विरुद्ध काम गर्ने व्यवस्थाको उपयोग गर्नुपर्छ भन्ने बारेमा समग्रमा बताउनेछन् । त्यसका अलावा स्थानीयहरूले विश्वव्यापी पैरवीका मुद्दाहरूमा कसरी योगदान  गर्न सक्नेछन् भन्ने विषयमा पनि चर्च हुनेछ ।

सुनिता कुजुर सीआरईएकी पैरवी सल्लाहकार हुन् र दक्षिण एसिया, पूर्वी अफ्रिका, मध्य एसिया, तथा संयुक्त राष्ट्रसंघको मानव अधिकार परिषद्मा यौनकर्मीहरुको अधिकारका सवालमा काम गरेकी छिन् ।

मे २९: साँझको मुख्य सभा (साँझको ६:०० – ७:३०)

**बलिउडमा हुने यौन कार्य:** सोहिनी घोषको सचित्र कुराकानी

अग्रणी पटकथा लेखक जाभेद अख्तरले बम्बईको सिनेमालाई भारतको सबभन्दा नजिकको छिमेकीको रूपमा चित्रित गरेका छन् जसको “आफ्नै परम्परा, चिह्न, अभिव्यक्ति, भाषा छ” र त्यसको अर्थ उक्त चीजहरूसँग अभ्यस्त व्यक्तिहरूले मात्रै बुझ्छन् । यस प्रस्तुति बम्बई सिनेमाको तवाइफ तथा यौनकर्मको रंगीन संसारको बारेमा हो ।

शोहिनी घोश एजेके आमसञ्चार अध्ययन केन्द्रको साज्जद जाहिर उपाधियुक्त प्राध्यापक हुन् । साथै उनी नयाँ दिल्लीको जामिया मिलिया इश्लामिया विश्वविद्यालयको प्रेमचन्द अभिलेखालय तथा साहित्यिक केन्द्रकी निर्देशक पनि हुन् । कोलकताका यौनकर्मीहरूको अधिकारको आन्दोलनको बारेको वृत्तचित्र टेल्स अफ द नाइट फेरिज (२००२) को उनी निर्देशक हुन् ।

मे ३०: बिहानको मुख्य सभा (बिहानको ११:३० - अपराह्नको १:०० बजेसम्म)

**नृत्य प्रस्तुति:** कोमल गान्धार, दरबार, सोनागाँची, भारत
दरबार महिला समन्वय समितिको सांस्कृतिक विभागको रूपमा कोमल गान्धारको उदय भयो । गान्धारले आफूलाई भाषिक, धार्मिक, तथा क्षेत्रीय तगाराहरूलाई नाघेर विचारहरूको आदानप्रदान गर्न सहजीकरण गर्ने तथा विभिन्न क्षेत्र तथा देशहरूमा यौनकर्मीहरूको साझा पहिचान बनाई पैरवीका सन्देशहरूलाई फैलाउने एक मौलिक मञ्चको रूपमा स्थापित गरेको छ ।

**यौनकर्मको फोटो खिचाइ:** अनिता खेम्का, भारतको उही ठाउँकै सविना गडिहोकेसँगको कुराकानी
अनिता खेम्काले सन् १९९६ देखि फोटो खिच्न थालिन् । उनले घरबाट निकालिएका विधुवा महिला, बौद्धिक अपाङ्गता भएका, दुर्व्यसनी, एच्आईभी तथा एड्सको संक्रमणमा परेका, राजनीतिक अल्पसंख्यक, यौनिक तथा लैंगिक अल्पसंख्यक जस्ता  सामाजिक रूपमा समुदायको छेउमा परेका तथा पारिएका समूह तथा समुदयाको जीवनलाई नजिकबाट नियालिरहिन् । उनको काम व्यापक रूपमा प्रदर्शन भएका छन् ।

सबिना गडिहोके नयाँ दिल्लीको जामिया मिलिया इश्लामियाको अन्वर जमाल किडवाई आम सञ्चार अध्ययन केन्द्रको भिडियो तथा टीभी उत्पादनको सह प्राध्यापकको रूपमा कार्यरत छिन् । उनी स्वतन्त्र वृत्तचित्र निर्माता तथा छायांकनकर्ता हुनुका साथै फोटो इतिहासकार तथा संरक्षक हुन् ।

**चाल्नुपर्ने कदम:** दक्षिण एसियाका यौनकर्मी तथा उनीहरूका मित्रहरू (एसडब्ल्यूएएस्ए)
दक्षिण एसियाका यौनकर्मी तथा मित्रहरू (एसडब्ल्यूएएस्ए) नामक क्षेत्रीय मञ्चका दुईजना सदस्यहरूले महिला तथा बालिकाहरू विरुद्ध हुने हिंसाको विषयमा संयुक्त राष्ट्रसंघका हालका विशेष टिपोटकर्ताले यौनकर्मीहरूको अधिकारलाई समावेश गर्ने विषयमा अभिव्यक्त गरेको विरोध, त्यसको कारण तथा असरहरूको बारेमा आपना धारणा राख्नेछन् । आउँदो जुन २०२४ मा हुने मानव अधिकार परिषद्को बैठकको तयारी स्वरूप यौनकर्मको बारेमा विशेष टिपोटकर्ताको हानिकारक संकथनको प्रतिवाद गर्न उनीहरूले आफूले हासिल गरेका भित्री जानकारीहरू साझा गर्ने र यस सम्मेलनमा यौनकर्मी तथा मित्रहरूबाट  कदम चाल्न र ऐक्यबद्धता व्यक्त गर्न आह्वान गर्नेछन् ।

दक्षिण एसियाका यौनकर्मी तथा मित्रहरू (एस्डब्ल्यूएएस्ए) नेपाल, श्रीलंका, भारत तथा वंगलादेशमा रहेका यौनकर्मी तथा सहयोगी अभियन्ता तथा संस्थाहरूको एक साझेदारीपूर्ण पहल हो । यस अभियानले आफूलाई एलजीबीटीक्यूआई तथा महिला अधिकारको आन्दोलन तथा सीमान्तकृतहरूका अन्य संघर्षहरूमा आफूलाई उनीहरूको साथमा उभ्याएको छ र यस क्षेत्रमा हुने यौनकर्मीहरूको अधिकारको हननको बारेमा ध्यानाकर्षण गर्दछ ।

मे ३०: साँझको मुख्य सभा (अपराह्नको ४:३० - साँझको ७:३०)

**फिल्म प्रदर्शन:** जिन्दगी तमासा, सरमाड खुसत, पाकिस्तान
त्यसपछि भारतकी सोहिनी घोषले सरमाड खुसतसँग कुराकानी गर्नेछिन् ।

सरमाड सुल्तन सुखत एक निर्देशक, अभिनेता, निर्माता, तथा पटकथा लेखक हुन् । जिन्दगी तमासा (२०१९) एकेडेमी अवार्ड्समा पाकिस्तानको तर्फबाट उत्कृष्ट अन्तर्राष्ट्रिय चलचित्रको विधामा भाग लिन यसको चयन भएको थियो । खुसतले चलचित्र तथा अन्य विषयहरूमा पनि पढाउँछिन् ।

मे ३१: बिहानको मुख्य सभा (बिहानको ११:३० – अपराह्नको १ बजे)

**श्रीलंकाको प्रजा दिरिया पदमनामको रंगमञ्चीय प्रस्तुति**
प्रजा दिरिया श्रीलंकाको मूलधारको जातीय धार्मिक सीमाहरूभन्दा पर गएर महिला यौनकर्मी लगायत सीमान्तकृत समुदायहरूमा शान्ति तथा सह अस्तित्वको प्रवर्धनमा केन्द्रित रहेको छ ।

**१. मित्रताका यात्राहरू: यौनकर्मी तथा मित्रहरूसँगको प्रश्नोत्तर**
नारीवादी मित्रता, त्यसको अभ्यास कस्तो छ र आन्दोलनमा आधारित काममा के कस्ता चुनौतीहरू आएका छन् भन्ने बारेमा यौनकर्मी अभियन्ता तथा उनीहरुका मित्रहरूसँगको अन्तरक्रियात्मक कुराकानी ।

*सहजकर्ता:*
गीताञ्जली मिश्र

*वक्ताहरू:*
**आभा, नेपाल**
भक्तपुरको यौनकर्मीहरूको नेतृत्वको संघर्ष महिला समूहकी अध्यक्ष; महिला यौनकर्मीहरूको राष्ट्रिय सञ्जालकी संयोजक ।

**विसाखा दत्त, भारत**
फिल्म निर्माता, अभियन्ता, पूर्व पत्रकार; लैगिकता, यौनिकतातथा महिला अधिकारका क्षेत्रमा काम गर्ने मुम्बईमा रहेको पोइन्ट अफ भ्यू नामक गैर नाफामूलक संस्थाकी सह संस्थापक तथा कार्यकारी निर्देशक।

**महबुबा अख्तर महम्मुद, वंगलादेश**
वंगलादेशको अग्रणी महिला अभियान्ता संस्था नारीपोक्खोकी संस्थापक सदस्य ।

**नुर फुर्कान, पाकिस्तान**
सन् २०१९ मा कलेज तहको अध्ययन गर्दा हाल पाकिस्तानभरि शाखाहरू भएको नारीवादी समूहक औरत यात्राको आयोजना गरिन् । कम आय भएका महिला उद्यमीहरूलाई सशक्तिकरण गर्न ध्यान केन्द्रित रहेको संस्था सर्कल वुमनमा काम गर्छिन् ।

**पुतुल सिंह, भारत**
भारतको पश्चिम वंगालमा रहेको यौनकर्मीहरूको नेतृत्वको समुदायमा आधारित संस्था दरबार महिला समन्वय समितिको सदस्य हुन् । यौनकर्मीहरूको अखिल भारतीय सञ्जालको प्रमुख समिति सदस्य ।

**रोशन डी सिल्भा, श्रीलंका**
डीएएस्टीकी कार्यकारी निर्देशक; अभिमानी महिला समूह तथा ट्रान्स इक्वालिटी ट्रस्टलाई दिशा दिन सहयोग गरिन् ।  महिला यौनकर्मीहरूसँगको सहकार्यमा द रेड अम्ब्रेला नेटवर्क, एच्आईभी/टीबी सीएस्ओ नेटवर्क तथा एलजीबीटी समुदायसँगको सहकार्यमा केयर कन्सोर्टियम गरी श्रीलंकाम तीनओटा सञ्जाल बनएकी थिइन् ।

**<u>नारीवादी मित्रता: सिद्धान्त तथा अभ्यासहरू</u>**

*वक्ता:* श्रीलथा बाट्लीवाला, भारत
सन् २००८ देखि २०२२ सम्म रहेको सीआरईए-यौनकर्मीहरुको रहेको मित्रताको बारेमा घटना अध्ययनको आधारमा श्रीलथाले नारीवादी मित्रता - सिद्धान्त तथा अ्भ्यासहरू नामक पुस्तक प्रकाशन गरेकी छिन् । एक भिडियो सन्देश मार्फत उनले उक्त विषयमा किताब लेख्नुको उत्प्रेरणा, घटना अध्यननको दस्ताबेजीकरणको प्रक्रिया, नारीवादी मित्रताहरूलाई सुरुवात तथा त्यसको निर्माण गर्ने, त्यसलाई दिगो बनाउने र तनाव तथा चुनौतिहरूको सामना गर्ने सम्बन्धमा केही मुख्य सिकाइहरूको बारेमा पनि आफ्ना धारणा साझा गर्नेछिन् ।

श्रीलथा बाट्लीवाला नारीवादी अभियन्ता प्राज्ञ तथा प्रशिक्षक हुन् । हाल उनी सीआरईएमा ज्ञान निर्माणको वरिष्ठ सल्लाहकार छिन् । उनका कामहरू अभ्यासबाट ज्ञान निर्माण गर्नेमा केन्द्रित छन् ।

**<u>नारीवादी मित्रता – *सिद्धान्त तथा अभ्यासहरूको अनावरण*</u>**
यौनकर्मी अभियन्ताहरूले यस सम्मेलनमा उक्त प्रकाशनको अनावरण गर्नेछन् ।

<u>मे ३१: साँझको मुख्य सभा (साँझको ६:०० - ७:३०)</u>

**<u>नेपालको शिल्पी थिएटरको सहयोगमा यौनकर्मीहरूको नेतृत्वमा गरिएको प्रदर्शन</u>**
प्रदर्शनीमा सहभागीहरूलाई शिल्पी थिएटरले परिचय गराउनेछ र तीन दिनसम्म चलेको सहभागितामूलक कार्यशालाका केही झलकहरूलाई साझा गर्नेछ ।

सन् २००६ मा स्थापित शिल्पी थिएटर समूहको परिकल्पना नेपालको सामाजिक-राजनीतिक रूपान्तरणमा सहयोग गर्ने थियो । उनीहरूले स्थानीय समुदायमा आफ्ना कला प्रदर्शनी गरेका छन्, स्थानीय रंगमञ्च समूहहरू बनाएका छन् र विभिन्न रंगमञ्चका गतिविधिहरू गरेका छन् ।

<u>**कामको परिणाम –** पूजा बद्रिनाथ, यौनिक अधिकार पहल तथा एस्डब्ल्यूएएस्ए</u>
पूजा तथा एस्डब्ल्यूएएस्एका दुईजना सदस्यहरूले पैरवी कार्यशाला तथा एस्डब्ल्यूएएस्ए गाउँबाट प्राप्त आफ्नो बुझाइ, संयुक्त राष्ट्रसंघको मानव अधिकार परिषद्को जुन सत्रमा जारी गर्ने सन्देशको खाका बनाउन यौनकर्मी तथा उनीहरुका मित्रहरूले कसरी योगदान गर्न सक्छन्, कति हस्ताक्षर चाहिन्छ र यदि सहभागीहरू संलग्न हुन चाहेमा गर्ने सम्भावित कामहरूको बारेमा आफ्ना धारणा साझा गर्नेछन् ।

पूजा मानव अधिकार परिषद्को यौनिक अधिकार पहलको वरिष्ठ सल्लाहकार हुन् । यौनिकतासँग सम्बन्धित  मानव अधिकारका सवालहरूलाई संयुक्त राष्ट्रमा अगाडि बढाउनका लागि गठन गरिएको यस पहल क्यानडा, भारत, इजिप्ट, अर्जेन्टिनामा रहेका राष्ट्रिय तथा क्षेत्रीय संस्थाहरूको साझा गठबन्धन हो ।

दक्षिण एसियाका यौनकर्मी तथा उनीहरूका मित्रहरू (एस्डब्ल्यूएएस्ए) नेपाल, श्रीलंका, भारत तथा वंगलादेशमा रहेका यौनकर्मी तथा सहयोगी अभियन्ता तथा संस्थाहरूको एक साझेदारीपूर्ण पहल हो । यस अभियानले आफूलाई एलजीबीटीक्यूआई तथा महिला अधिकारको आन्दोलन तथा सीमान्तकृतहरूका अन्य संघर्षहरूमा आफूलाई उनीहरूको साथमा उभ्याएको छ र यस क्षेत्रमा हुने यौनकर्मीहरूको अधिकारको हननको बारेमा ध्यानाकर्षण गर्दछ ।

**<u>सीआरईएको समापन</u>**

# कार्यशालाहरू

**कार्यशाला भनेको के हो ?** सरल रूपमा भन्दा कार्यशाला भनेको कुनै पनि विषयका सम्बन्धमा नजिकबाट हेरी त्यससँग सम्बन्धित कार्यका लागि उठाउने कदमहरूको पहिचान गर्न मानिसहरूको सामूहिक भेटघाट हो । कुनै पनि कार्यशालामा गरिने सघन सिकाइले छलफलमा रहेका विषयहरूमाथि ठोस, व्यावहारिक तरिकाहरू पत्ता लगाउन मद्दत पुग्ने भएकाले यो गोलमेचभन्दा फरक रहेको छ ।

सम्मेलनमा तीनओटा सहजीकरण गरिएका कार्याशालाहरूले सहभागीहरूलाई कुनै निश्चित विषयमा गहिराइमा पुगेर फलदायी छलफहरू गर्ने अवसरहरू प्रदान गर्नेछन् । तीनओटा कार्यशालाहरू एकैपटक सञ्चालन गरिनेछन् र पहिलो र तेस्रो दिनमा सञ्चालित हुने भएकाले सहभागीहरूले आफ्नो रुचि अनुसार दुईटामा सहभागी हुन सक्नेछन् ।

## <u>परिपूरकको सम्बन्धको बारेमा: यौनकर्मी तथा उनीहरूका मित्रहरू</u>

*यो केको बारेमा हो:* यौनकर्मीहरूको अधिकार आन्दोलन तथा तिनीहरूका मित्रहरुको नजिकको सम्बन्धले विविधतापूर्ण परिपूरकको सम्बन्धहरू सुरुवात भएका छन् । परिपूरक सम्बन्ध भन्नाले मित्रहरूलाई कुनै संस्थाले प्रदान गर्ने व्यावहारिक मार्गदर्शन तथा सहयोगलाई जनाइन्छ । कतिपय अवस्थामा विवादास्पद भए पनि यस सम्बन्धले जानीबुझीकन यसका शक्ति तथा स्रोतहरूको असन्तुलनलाई स्वीकार गरी परिपूरक अभ्यासको सुरुवात भएको छ । यस सहभागितामूलक कार्यशालाले यस क्षेत्रका सहभागीहरूको ज्ञान तथा अनुभवको उपयोग गरी त्यसका बारेमा थप प्रस्टता ल्याउँदै अझ बढी अर्थपूर्ण परिपूरकका अभ्यासहरूलाई आकार दिनका लागि अवसरहरूको सिर्जना गर्छन् ।

के अपेक्षा गर्ने*:* यस कार्यशालाको सुरुवातमा दृश्यात्मक नक्सांकन अभ्यास गरिन्छ र त्यसले यौनकर्मीहरूको अनुभवमा विविध खालका परिपूरक सम्बन्धको बारेमा चर्चा गर्नेछ । त्यसपछि आफ्ना सकारात्मक तथा नकारात्मक अनुभवहरूलाई अगाडि ल्याउन साना समूहमा छलफल हुनेछ । भूमिका निर्वाह तथा अन्य सिर्जनात्मक साधनहरूको प्रयोग गरिनेछ र त्यसपछि सकारात्मक अभ्यासहरूलाई संस्थागत गर्नका लागि सिद्धान्त तथा तरिकाहरूलाई अभिव्यक्त गर्न दिशानिर्देश गरिएको प्रक्रिया हुनेछ ।

*प्रस्तोता:* सोलिडारिटी फाउन्डेसन, भारत । यस संस्थाले संस्थागत मजबुतीकरण, नेतृत्व विकास, जीविकोपार्जन तथा सुस्वास्थका पहलहरू मार्फत यौनकर्मी, लैंगिक तथा यौनिक अल्पसंख्यकहरूलाई सहयोग गर्दछ । ( https://www.solidarityfoundation.in/)

*स्थान:* बान्यान हल

## <u>सुरक्षित रहने: अनलाइन काम गर्ने यौनकर्मीहरूका अधिकार तथा उनीहरूको सुरक्षा</u>

*यो केको बारेमा हो:* विशेष गरी दक्षिण एसियाली सन्दर्भमा विशिष्ट सामाजिक, राजनीतिक, कानुनी, तथा सुरक्षात्मक अवरोधहरूका सामु प्रविधिले यौनकर्मीहरूका आवश्यकताहरूलाई कतिको परिपूर्ति गर्छ भन्नेमा अपूरो बुझाइ रहेको छ । यौनकर्मी तथा मित्रहरूको सह सिकाइको यस कार्यशालाले यौनकर्मीहरूको जीवन तथा प्रविधिको अन्तरसम्बद्धताको बारेमा पत्ता लगाउनुका साथै यौनकर्मीहरुको आवश्यकता पूर्ति गर्न त्यसलाई कसरी राम्रो बनाउने भन्ने हो ।

*के अपेक्षा गर्ने:* यस कार्यशालाको सुरुवात सहभागितमूलक रूपमा समस्याको दायरा तोक्ने अभ्यासबाट सुरु भई यौनकर्मीहरूले कसरी डिजिटल संसारसँग अन्तरक्रिया गर्छन्, उनीहरूलाई त्यसको उपयोगिता तथा उनीहरूले सामना गर्नुपर्ने चुनौतिको बारेमा चर्चा गरिन्छ । डिजिटल अधिकार तथा कानुनी/नियमनकारी ढाँचाहरूको बारेमा छोटकरीमा चर्चा गरेपछि प्रस्तोताले डिजिटल सुरक्षाका बारेमा रणनीतिहरू साझा गर्नेछन् । त्यसपछि यौनकर्मीहरूले उनीहरूका आवश्यकता तथा रुचिका विषयहरूलाई सम्बोधन गर्ने इन्टरनेटको उत्कृष्ट मञ्च/स्थानको कस्तो बनाउन सकिन्छ भनी सामूहिक रूपमा कल्पना गरी घोषणापत्र लेख्ने अभ्यास गरी यो कार्यशालाको समापन गरिन्छ ।

*प्रस्तोता:* डिजिटल फ्युचर ल्याब, भारत एक बहु विधायुक्त अध्ययन गर्ने सञ्जाल हो । यसले विकासशील देशहरूमा प्रविधि र समाजबिच हुने जटिल अन्तरक्रियाको गहिराइमा गएर हेर्छ । प्रमाणमा आधारित अध्ययन, सहभागितामूलक दूरदर्शिता, सार्वजनिक संलग्नता मार्फत उनीहरूले समतामूलक, सुरक्षित तथा कल्याणकारी भविष्यका लागि बाटाहरूको पहिचान गर्छन् । (https://digitalfutureslab.in/)

*स्थान:* शिवपुरी हल

**<u>यूएन्एच्आरसीमा रहेका हानिकारक विचारहरूको प्रतिवाद गर्ने: व्यावहारिक साधन</u>**

*यो केको बारेमा हो:* संयुक्त राष्ट्रसंघको मानव अधिकार परिषद्को ५६ औँ सत्र जुन १८ देखि जुलाई १२ २०२४ सम्म हुने गरी तय भएको छ । उक्त सत्रमा महिला तथा बालिकाहरूमाथि हुने हिंसाको विषयमा विशेष टिपोटकर्ता रीम अल्सालेमले “वेश्यावृत्ति तथा महिला तथा बालिकाहरूमाथि हुने हिंसा” को बारेमा आफ्नो प्रतिवेदन पेश गर्ने कार्यक्रम रहेको छ । निजको विगतका भनाइहरू, सामाजिक सञ्जालमा व्यक्त विचारहरू, यस प्रतिवेदनको बारेमा जानकारी दिनका लागि बोलाइएको क्षेत्रीय परामर्श सम्मेलनहरूमा प्रतिक्रिया माग गर्दा व्यक्त गरिएको धारणाका आधारमा उक्त प्रतिवेदन यौनकर्मको विपक्षमा हुने धेरैले विश्वास लिएका छन् ।

अन्य विशेष प्रक्रियाहरूको उपयोग गर्ने समेत विभिन्न तहमा यस संकथनलाई प्रतिवाद गर्ने रणनीति बनाउने विषयमा यस कार्यशालामा छलफल गरिनेछ । त्यसका अलावा यस कार्यशालाले मानव अधिकार परिषद्मा राखिने भनाइको कसरी खाका बनाउने तथा सीमित समयको प्रयोग गरी मुख्य चासोका विषयहरूमा प्रकाश पार्ने र त्यस्तो भनाइ सावर्जनिक गर्दाको सम्भावित मूल्यको बारेमा चर्चा गर्नेछ ।

*के अपेक्षा राख्ने:* सहभागीहरूले महिला तथा बालिकाहरूमाथि हुने हिंसाको विषयमा संयुक्त राष्ट्रसंघका विशेष टिपोटकर्तासँग गरिने कामको बारेमा विस्तृतमा छलफल गर्न पाउनेछन् । त्यस अन्तर्गत उनको रिपोर्ट, त्यसको असर, राष्ट्रिय तहमा हुन सक्ने सम्भावित हानि तथा त्यसलाई कसरी सामूहिक रूपमा प्रतिवाद गर्ने भन्ने जस्ता सवालहरू हुन्छन् । संयुक्त राष्ट्रसंघको सत्र तथा त्यसपछि पनि प्रयोग गर्न सकिने मुख्य सन्देशहरुको खाका बनाउने लक्ष्य यस कार्यशालाले राखेको छ ।

प्रस्तोता: यौनिकता अधिकार पहल यौनिकतासँग सम्बन्धित मानव अधिकारका सवालहरूलाई संयुक्त राष्ट्रमा अगाडि बढाउनका लागि गठन गरिएको हो र यो क्यानडा, भारत, इजिप्ट, अर्जेन्टिनामा रहेका राष्ट्रिय तथा क्षेत्रीय संस्थाहरूको साझा गठबन्धन हो । (https://www.sexualrightsinitiative.org/)

*स्थान:* कैलाश हल

## गोलमेचहरू

**गोलमेच भनेको के हो?** गोलमेच भनेको मूलत: तहको सोपान नभएको गोलो टेबलको वरिपरि रहेर एउटा समूहसँग गरिने सहजीकृत संवाद हो । यौनकर्मी तथा उनीहरूका मित्रहरूसँग गरेको सघन छलफलपछि रिन्यू गोलमेचका लागि विषयहरू छानिएका हुन् । ती संवादहरूले अवधारणात्मक तथा अनुभवजन्य ज्ञान तथा जानकारीहरू हुनेछन् र त्यसले सबै सहभागीलाई एक अर्काबाट सिक्नका लागि अवसर प्रदान गर्नेछ । छानिएका सहभागीहरूले यस संवादको सुरुवात गर्नेछन् ।

**गोलमेच १: अनौपचारिक कामको एकदमै फराकिलो संसार**

अनौपचारिक क्षेत्रमा काम गरिरहेका महिलाहरूलाई कपडा उद्योगका श्रमिक, निर्माण क्षेत्रका श्रमिक, कारखानाका श्रमिक, यौनकर्मी जस्ता धेरै “तैरिरहेका” कामकाजी पहिचानहरूले थिचेको हुन्छ । तर अनौपचारिक क्षेत्रमा काम गर्ने र कारोबारको रूपमा यौनकर्ममा सामेल हुने सबैले आफूलाई यौनकर्मीको रूपमा परिचित गराउँदैनन् । यौनकर्मीहरूको बारेमा पूर्व निर्धारित धारणहरूलाई चुनौति दिने सत्रमा यस अस्पस्टताको बारेमा थप कुरा पत्ता लगाइन्छ । यसले यौन कार्यलाई बृहत् अनौपचारिक अर्थतन्त्रको एक भागको रूपमा स्थापित गर्न तथा महिलाहरूका लागि जीविकोपार्जनका विकल्पहरूमध्ये एउटाको रूपमा अभ्यस्त बनाउन मद्दत गर्नेछ ।

*स्थान:* कैलाश हल

*सहजकर्ता:*

**आशीला दाण्डेनिया, श्रीलंका**

श्रीलंकामा रहेको माथिबाट तल नियन्त्रण गर्ने र पुरुषहरूको प्रभुत्व भएको श्रमिक आन्दोलनको विकल्पको रूपमा महिलाको नेतृत्वको “स्टान्ड अप” अभियानको सुरुवात कारखानामा काम गर्ने एक पूर्व श्रमिकले गरेका थिए ।

*वक्ताहरू:*

**मीरा राघवेन्द्र, भारत**

भारतको आन्ध्र प्रदेश तथा तेलंगाना राज्यमा रहेका यौनकर्मीहरूको नेतृत्वको सामुदायिक संस्थाहरूको सञ्जाल *मी एन्ड माई वर्ल्ड*लाई सहयोग गर्ने वुमन्स इनिसियटिभ्सकी संस्थापक ।

**के. रत्नकुमारी, भारत**

*मी एन्ड माई वर्ल्ड* सञ्जालको एक सदस्यको रूपमा रहेको आन्ध्र प्रदेशको यौनकर्मीहरूको नेतृत्वको सामुदायिक संस्था धारणीकी अध्यक्ष तथा यौनकर्मीहरूको राष्ट्रिय सञ्जालकी सदस्य ।

**विमला मल्ला ठकुरी, नेपाल**

महिला सहयोगी समूहकी संस्थापक तथा यौनकर्मी अभियन्ता । ३३ ओटा यौनकर्मीहरूको नेतृत्वमा सञ्चालित संस्थाहरूको छाता संगठन जागृति महिला महासंघकी पूर्व अध्यक्ष ।

**बबिता बराल, नेपाल**

कामको अधिकारको बारेमा केन्द्रित रहेको तथा नेपालका यौनकर्मीहरुसँग मजबुत मित्रता भएको नारीवादी संस्था तरङ्गिनीकी संयोजक ।

**चमिला थुशारी, श्रीलंका**

श्रीलंकाका महिला श्रमिकहरूलाई समूहमा संगठित गरी स्वतन्त्र व्यापार क्षेत्रमा उनीहरूको अधिकारको

प्रवर्द्धन गर्ने दाविन्दु कलेक्टिभकी कार्यकारी निर्देशक ।

**सिर्जना पुन, नेपाल**
नेपालको मनोरञ्जन क्षेत्रमा काम गरिरहेका महिलाहरूको अधिकार सुनिश्चित गर्नका लागि खुलेको पहिलो गैर सरकारी संस्था नेपालमा रहेका महिलाहरूका लागि महिला मञ्चकी संस्थापक

**गोलमेच २: अधिकार चाहियो, पुनर्स्थापना होइन**
स्वेच्छिक र सहमतिमा गरिने यौन कार्यमा संलग्न वयस्क महिलाहरूलाई प्राय: जसो "पीडित" वा "अपराधी  " भनी उनीहरूको अधिकारको हनन गरिएको छ । प्रहरीले छापा मारी उनीहरुलाई हिरासत गृहमा पठाउँछन् र यसरी गरिने "पुनर्स्थापना" उनीहरूमाथि जबरजस्ती लादिएको हो । केही देशहरूमा यौनकर्मीहरूलाई अपराधीको रूपमा व्यवहार नगरे पनि यौन कार्यका लागि ग्राहक खोज्ने, कोठी कायम राख्ने र/वा यौन कार्यका लागि ठाउँहरू भाडामा लगाउने जस्ता उनीहरूको कामसँग सम्बन्धित केही पक्षहरूलाई सजाय पाउने कर्मको रूपमा वर्गीकरण गरिएको छ । यस सत्रमा यी विषयहरूका साथै त्यसलाई चुनौति दिनका लागि यौनकर्मी तथा उनीहरूका मित्रहरूले के कस्ता रणनीतिहरूको प्रयोग गरेका छन् भन्ने कुरा यहाँ चर्चा गरिएको छ ।

*स्थान:* काष्ठमण्डप हल

*सहजकर्ता:*
**फारुक फैसल, वंगलादेश**
वंगलादेशका महिला अधिकार तथा मानव अधिकारको क्षेत्रमा संलग्न संस्थाहरूको गठबन्धन शोनघोतीको कार्यकारी समितिको सदस्य रहेको मानव अधिकार तथा कानुनी सहयोग प्रदान गर्ने संस्था ऐन ओ सालिस केन्द्रका कार्यकारी निर्देशक ।

*वक्ताहरू:*
**इन्द्राणी कुसुमलथा, श्रीलंका**

**फरिदा परभीन, वंगलादेश**
वंगलादेशको फरिदपुर तथा राजबारीका कोठीहरूबाट जबरजस्ती निष्कासनको विरुद्धमा नेतृत्वदायी भूमिका खेल्ने वंगलादेशका यौनकर्मीहरूको सञ्जालकी सदस्य ।

**गीता देवी पौडेल, नेपाल**
२५ जिल्लामा रहेका ३३ ओटा यौनकर्मी महिलाहरूको नेतृत्वमा बनेका सामुदायिक संस्था जागृति महिला महासंघकी सह सचिव, जेएम्एम्एस्को सहयोगी संस्था महिला सशक्तिकरणकी सचिव ।

**सी, श्रीलंका**

**रोशन डी सिल्भा, श्रीलंका**

**किरण देशमुखा, भारत**

## गोलमेच ३: नयाँ कोठा, नयाँ संरचना: अनलाइन विश्वमा यौनकर्म

यौनकर्म जस्तो कमजोर र अपराधीकरण गरिएको कामहरूमा संलग्न व्यक्तिहरूले कसरी मोबाइल फोन जस्तो प्रविधि र सामाजिक सञ्जाल जस्ता अनलाइन स्थानको उपयोग कसरी गर्न सक्छन् ? पारम्परिक रूपमा गरिने ग्राहक खोज्ने तरिकामा आमूल परिवर्तन भएको छ । यस्ता परिवर्तनको सिलसिलामा यौनकर्मीहरूले आफ्नो पहिचानलाई सेवा प्रदायक, डिजिटल सामग्रीहरूको सर्जक तथा उद्यमीका रूपमा पुनर्परिभाषित गरिरहेका छन् । यस्तो बदलिँदो संरचनाले यौनकर्मीहरूको जीवन तथा सुस्वास्थ्यमा मात्रै फरक पार्ने होइन कि यौनकर्मीहरूमाथि गरिने हस्तक्षेपलाई कसरी सोचिन्छ र त्यसको कार्यान्वयन गरिन्छ भन्नेलाई पनि फरक पार्दछ ।

*स्थान:* नालन्द हल

*सहजकर्ता:*
विशाखा दत्त, भारत
चलचित्र निर्माता, अभियन्ता तथा पूर्व पत्रकार हुनुका साथै भारतको पोइन्ट अफ भ्यूको सह संस्थापक तथा कार्यकारी निर्देशक

*वक्ताहरू:*
**निवेदित सरकार, वंगलादेश**
बीआरएसीको नेतृत्वमा सञ्चालन गरिएको महिला यौनकर्मीहरूसँगको अध्ययनमा सहभागी वंगलादेशको बीआरएसी विश्वविद्यालयको बीआरएसी जेम्स पी ग्रान्ट जनस्वास्थ्य विद्यालयकी सहायक अनुसन्धान संयोजक

**कुसुम, भारत**
यौनकर्मी तथा उनीहरूका बालबच्चाहरूको सामाजिक सुरक्षाका अधिकारलाई अगाडि बढाउने आजाद टिट्लियन कलेक्टिभकी नेतृत्वकर्ता; अखिल भारतीय यौनकर्मीहरूको सञ्जालसँग आबद्ध र उक्त सञ्जालकव पूर्व राष्ट्रपति ।

**वनमाली कौशल्या गलप्पट्टी , श्रीलंका**
महिला तथा सञ्चार समूहसँग आबद्ध भई पहिचान, समावेशी तथा लैंगिकता जस्ता विषयहरूमा काम गरिरहेको । त्योभन्दा पहिला अन्तरजातीय न्याय तथा समानताको आन्दोलनमा काम गरेको ।

**नुपुर अफ्रिन, वंगलादेश**
सडक तथा घरमा आधारित भई काम गर्ने यौनकर्मी; वंगलादेशको यौनकर्मीहरूको सञ्जालको सदस्य तथा वंगलादेशको ढाकाको शोनो नारी युनियन शोड्घोको सदस्य ।

**मिशारी विरावाङ्सा, श्रीलंका**
क्वेर नारीवादी, अहिले डिलिट नथिङ्गको कार्यक्रमको सह नेतृत्वकर्ता

## गोलमेच ४: कानुन तथा सामाजिक आन्दोलनहरू: तिनीहरूलाई मद्दत गर्ने

**विवरण:** भारत तथा वंगलादेशका वकिल, गैर सरकारी संस्थाका सदस्यहरू तथा यौनकर्मी अभियन्ताहरूले कानुनी तथा नीतिगत पैरवीका अनुभवहरू तथा त्यसले विभिन्न सन्दर्भमा

यौनकर्मीहरूको अधिकारलाई पारेको सकारात्मक प्रभावको बारेमा साझा गर्छन् । सहभागीहरूलाई उनीहरूले गरिरहेको पैरवी तथा आन्दोनलमा कानुनको केन्द्रीयतालाई प्रश्न गर्न र दक्षिण एसियाभरबाट आएका विविध अनुभावहरूबाट सिक्न प्रोत्साहित गरिनेछ । यसमाथि हुने छलफलले यौनकर्मीहरूले अदालतमा मुद्दा दायर गरेको वा त्योभन्दा बाहिरै अधिकारहरूका लागि पैरवी गरेको भए त्यसलाई कसरी गरेका थिए भन्ने बारेमा पनि बोल्ने स्थान हुनेछ ।

*स्थान:* बान्यान हल

*सहजकर्ता:*
**तृप्ति टण्डन, भारत**
भारतको सबभन्दा पुरानोमध्येको एक मानव अधिकार संस्था लर्यस् कलेक्टिभकी सहायक निर्देशक तथा दिल्लीमा आधारित भई काम गर्ने वकिल ।

*वक्ताहरू:*
**रमा देवनाथ, भारत**

बसिरत दरबार समितिको लक्षित हस्तक्षेप कार्यक्रमको कार्यक्रम निर्देशक; दरबार महिला समन्वय समितिको अध्यक्षको रूपमा समेत काम गरेको ।

**सिप्रा गोस्वामी, वंगलादेश**
वंगलादेशक कानुनी सहयोग तथा सेवा गुठीको फरिदापुर इकाइसँग काम गर्ने वकिल ।

**जोया सिकदेर, वंगलादेश**

**रचना मुद्राबोइना, भारत**
पारलैंगिक सवालहरूका लागि खोलिएको भारतको पहिलो युट्युब च्यानल ट्रान्सभिजनको संस्थापकका साथै तेलंगाना हिजरा अन्तरलिंगी पारलैंगिक समितिको संस्थापक सदस्य; हाल पारलैंगिक क्लिनिकमा पारलैंगिक स्वास्थ्य विज्ञको रूपमा काम गर्छिन् ।

**भारती दे, भारत**
यौनकर्मीहरूको नेतृत्वमा रहेको दक्षिण एसियाको पहिलो वित्तीय संस्था उषा सहकारीको सदस्य; अखिल भारतीय यौनकर्मीहरूको सञ्जालको प्रमुख समितिको सदस्य; यौनकर्मीहरूले भोग्नुपरेका कानुनी समस्याहरूको सम्बन्धमा अध्ययन गर्न सर्वोच्च अदालतले नियुक्त गरेको समितिका सदस्य ।

**गोलमेच ५: मानव बेचबिखन विरुद्धका कारवाही: अहिलेको स्थिति के छ?**
मानिसहरू यौनकर्ममा विभिन्न कारणले संलग्न हुन्छन् र ती कारणहरूमा आफ्नो रोजाइ, परिस्थिति तथा अर्काको करकापमा पर्छन् । करकापमा पारेर यौनकार्यमा संलग्न गराउने कार्यलाई रोक्न मानव बेचबिखन विरुद्धका फौजदारी कानुनहरूको प्रयोग गर्ने प्रमुख रणनीति हो । महिला अधिकार अभियन्ताहरू यौनकर्मलाई कारोबारका रूपमा छान्न पाउने क्षमता र/वा त्यसलाई महिलाको अधिकारको रूपमा स्वीकार्ने सवालमा तयार देखिएका छैनन् । हिंसाको भाषामा मिलाएर यौनकर्ममा संलग्न सबै महिलाहरू शोषणको सिकार भएको भन्ने पीडितको संकथनलाई अगाडि बढाउन मद्दत गरेका छन् । मानव बेचबिखन विरुद्धको प्रभावशाली उद्योगको उदय र माथि उल्लिखित संकथनले सबै

यौन कर्मलाई मानव बेचबिखनसँग जोड्छ । यस्ता बहस तथा विवादका रेखाहरू यौनकर्मीहरूको अधिकारको संघर्षको केन्द्रविन्दुमा रहेका छन् ।

*स्थान:* शिवपुरी हल

*सहजकर्ता:*

**मोना मिश्र, भारत**

सन् १९९५ मा उनी र उनका दिवंगत पतिले एच्आईभीबाट संक्रमित भएका तथा त्यसबाट प्रभावित भएका व्यक्तिहरूका लागि पहिलो सहयोगी समूहको सुरुवात गरेका थिए । भारतमा चलिरहेको यौनकर्मीहरूको अधिकारको आन्दोलनको दीर्घकालीन मित्र हुन् ।

*वक्ताहरू:*

**हसीब राठोर, पाकिस्तान**

*ह्याभ ओन्ली पोजिटिभ एक्सपेक्टेसन,* लाहोरसँग सम्बद्ध । लैंगिक तथा यौनिक अल्पसंख्यकहरूको समावेशिताको पैरवी गर्ने मानव अधिकारको प्रखर पैरवीकर्ता ।

**शोभा डंगोल, नेपाल**

**जहनरा खातुन, वंगलादेश**

वंगलादेशका यौनकर्मीहरूको अधिकारलाई मजबुत बनाउने आन्दोलनको नारीपोक्खो हस्तक्षेपसँग सम्बद्ध ।

**भाग्यलक्ष्मी, भारत**

भारतको कर्णाटकका ६००० भन्दा बढी यौनकर्मीहरूको संगठन अशोदय समितिकी सदस्य । अखिल भारतीय यौनकर्मीहरूको सञ्जालको प्रमुख समितिको सदस्य ।

## एस्डब्ल्यूएएस्ए

दक्षिण एसियाका यौनकर्मी तथा उनीहरूका मित्रहरू (एस्डब्ल्यूएएस्ए) नेपाल, श्रीलंका, भारत तथा वंगलादेशमा रहेका यौनकर्मी तथा सहयोगी अभियन्ता तथा संस्थाहरूको एक साझेदारीपूर्ण पहल हो । यस अभियानले आफूलाई एलजीबीटीक्यूआई तथा महिला अधिकारको आन्दोलन तथा सीमान्तकृतहरूका अन्य संघर्षहरूमा आफूलाई उनीहरूको साथमा उभ्याएको छ र यस क्षेत्रमा हुने यौनकर्मीहरूको अधिकारको हननको बारेमा ध्यानाकर्षण गर्दछ ।

# स्थानहरू

## फोटो स्टुडियो

*अनिता खेम्का*

फोटोग्राफरको टिप्पणी: "यौनकर्मीहरूको बारेमा मेरो अगाडिको दस्ताबेजीकरण यौन कर्मलाई शोषणको रूपमा देखेर त्यसको प्रतिक्रिया स्वरूप भएको थियो । त्यसले उनीहरूको स्वास्थ्य तथा भौतिक सुरक्षा, आर्थिक शोषण, तथा उनीहरूको सामान्य रूपमा रहेको बसाइ तथा काम गर्ने अवस्था जस्ता विषयको बारेमा चर्चा गरेको थियो । यसमा मैले फोटो खिचेका व्यक्तिहरूले अप्रत्यक्ष रूपमा स्वीकृति प्रदान गरेका थिए र यसको नियत उनीहरूलाई सम्मान दिनु र त्यसबेलामा प्रभुत्वशाली अभिव्यक्तिको शैली रहेको अश्लीलता प्रदर्शनलाई व्यक्त नगर्नु थियो ।

फोटो स्टुडियोमा व्यक्तिको उनीहरूको तस्विर खिच्ने शैली सहकार्यात्मक हुनेछ । हरेक फोटोको आशय उक्त "समयमा" मजबुती, शालीनता, तथा आकांक्षा प्रस्तु गर्ने र यौन कर्मले परिभाषित गरेको व्यक्तित्वभन्दा केही पर देख्ने हुनेछ । यसको नतिजा हरेकले आफ्नो प्रदर्शनीलाई निर्देशन गरेको अभिनित व्यक्ति फोटो हुनेछ ।"

*स्थान: कार पार्किङ नजिकै*

## फोटो बुथ

अर्को पक्षतिर हुँदा कस्तो महसुस हुन्छ ? प्रहरीको लाठी बोक्दा कस्तो अनुभूति हुन्छ ? न्यायाधीशको पोशाक लगाउँदा कस्तो लाग्छ ? आफूले शक्तिको प्रयोग गर्न पाउँदा कस्तो महसुस हुन्छ ? थाहा पाउन यहाँ आउनुहोस् !

हाम्रो फोटो बुथमा अधिकार प्राप्त पदहरूका पोशाक लगाउँदा कस्तो महसुस हुन्छ भनी महसुस गर्न ती पोशाक लगाएर फोटो खिच्न र आफ्नो बदलिएको भूमिकाको फोटो प्रमाण आफूसँग लैजान आमन्त्रण गर्छौं । हाम्रा फोटोग्राफरले तपाईंको मन परेको भूमिकालाई खिच्नेछन् र ती फोटोलाई धुलाएर केही समयपछि तपाईंको हातमा पार्नेछन् ।

*स्थान: गजेबो*

## एस्डब्ल्यूएएस्ए गाउँ

दक्षिण एसियाका यौनकर्मी तथा उनीहरूका मित्रहरू (एस्डब्ल्यूएएस्ए) यौनकर्ममा संलग्न व्यक्तिहरू तथा यौनकर्मीहरूको अधिकार तथा यौनकर्म गर्न पाउने अधिकारलाई समर्थन गर्ने प्रगतिशील अभियानहरूका अभियन्ताहरूको क्षेत्रीय सञ्जाल हो ।

एस्डब्ल्यूएएस्ए गाउँ भनेको यौनकर्मीहरूको अधिकारको क्षेत्रमा काम गरेका दक्षिण एसियाका भूँइतहका अभियन्ताहरूले एक अर्कासँग भेट्ने, कुरा गर्ने तथा दिगो सम्बन्ध बनाउने स्थान हो । यो गाउँ एक गतिशील स्थानको रूपमा रहेको छ र यसमा साझेदारहरूले एक अर्कासँग बोल्न र अन्तरक्रिया गर्न पाउँछन् र अन्य देशका अभियन्ताहरू पनि आएर अरुबाट सिक्ने र आफ्नो अनुभवहरू साझा गर्न पाउँछन् । वक्ताहरूसँग छलफल, प्रदर्शनी, सचित्र प्रदर्शनी, कथा भन्ने जस्ता गतिविधिहरूको आयोजना गर्न यस सम्मेलनमा भाग लिन आएका दक्षिण एसियाका साझेदारहरूलाई आमन्त्रण गरिन्छ । यो स्थानको आकृति दक्षिण एसियाका साझेदारहरूले तयार पार्नेछन् ।

हरेक दिन गाउँमा रहेको एस्डब्ल्यूएएस्ए अड्डाको विषय तल उल्लेख गरे बमोजिम हुनेछ :
पहिलो दिन: *रिभर अफ सब्मिसन्स्* (अपराह्न २:३० – ४:३०)
दोस्रो दिन: यौन कार्य विश्वविद्यालय (अपराह्न २:३० – ४:००)
तेस्रो दिन: आन्दोलनहरूबिच (अपराह्न २:३० – ४:३०)

सम्मेलनको हरेक दिन पूरै अवधिभर बजार र गाउँको प्लाजा पनि उपलब्ध हुनेछ ।
*स्थान:* आर्बोरेटम बगैँचा

**<u>कला + अभियान = कलाभियान</u>**

कलाले हामीलाई खुसी बनाउँछ, उद्वेलित बनाउँछ, संलग्न बनाउँछ र गतिशील बनाउँछ । अभियानले सामाजिक परिवर्तन हासिल गर्नका लागि हाम्रो मनस्थितिलाई परिवर्तन गर्ने प्रयास गर्छ । यी दुईलाई जानाजान, विचार गरेर र व्यावहारिक ढंगले मिसाउनु भयो भने तपाईंसँग एउटा शक्तिशाली उत्प्रेरकरूपी साधन हुनेछ र त्यसलाई कलाभियान भनिन्छ । यौनकर्मीहरूले उक्त शब्दको उत्पति हुनु अगाडिदेखि नै त्यसको प्रयोग गरिरहेका थिए ! उनीहरूले विविध कलात्मक तथा सांस्कृतकि माध्यकहरूको प्रयो गरी आम मानिसहरूका विचारलाई प्रभावित पारिरहेका थिए र आफ्नो पहिचान तथा अधिकारको बारेमा छुट्टै संकथनको निर्माण गरिरहेका थिए ।

उक्त क्रान्तिकारी अभिव्यक्तिलाई मनाउँदै कला + अभियानको स्थानमा पहिला गरिएका यौनकर्मीको नेतृत्वमा भएका अभियानहरूका कामहरू देखाइएको छ । उक्त स्थानमा रहेका कामहरूमा सहभागीहरूले पनि योगदान दिन सक्छन् र आफ्ना कला, पोस्टर, ब्याज जस्ता सामग्रीहरू त्यहाँ उपलब्ध गराइने सामग्रीहरूबाट बनाउन सक्छन् । त्यहाँ सिर्जित कलाभियानलाई सम्मेलनको अन्य स्थानहरूमा पनि प्रदर्शन गर्ने र समावेश गर्न सकिन्छ भन्ने हामीले आशा लिएका छौँ । त्यसैले आफ्नो कलालाई कुनै स्थानमा टाँस्नुहोस्, सत्रमा लगी अन्यसँग साझा गर्नुहोस् वा सामाजिक सञ्जालमा राख्नुहोस् र फोटो बुथमा लगी फोटो खिच्नुहोस् ।

*प्रस्तोता:* अमरा पदातिक, भारतको पश्चिम वंगालका यौनकर्मीहरूका बालबालिकाले नेतृत्व गरेको संस्था तथा सीआरईए

*स्थान:* बैठक

**<u>सम्झनामा</u>**

हामी यौनकर्मीहरू, उनीहरूका अधिकार, जीविकोपार्जनका माध्यमहरू तथा सम्मानप्रति घनघोर विरोध भएको समयमा बाँचिरहेका छौँ । तर यो सम्मेलन हाम्रो लागि सुरक्षित स्थान हो र यहाँ उपस्थित सबैले तमाम समस्याका बाबजुद अगाडि बढिरहेका छन् । हामी सामूहिककीकरण तथा साझा नेतृत्वको रूपान्तरकारी ढाँचाबाट उल्लेखनीय आन्दोलनको सिर्जना गर्ने दक्षिण एसियाका यौनकर्मीहरुको वलिदान तथा साहसको जगमा हामीले यी सबै काम गरिरहेका छौँ ।

यस स्थानले हामीले गुमाएका ती सबै व्यक्तिहरूलाई सम्मान गर्दै उनीहरूको योगदानहरूलाई मनाउँछ । ती व्यक्तिहरूमा कठिन महामारीको समयमा पनि सेवा प्रदान गर्नेहरू; उक्त महामारीको चोट अन्यले भन्दा बढी भोगेकाहरू; आम मान्छेको नजरमा नामहीन तथा अदृश्य रहिरहेर पनि आफ्नो काम गरिरहनेहरू; कृतज्ञता तथा मन पराएर शैलीको सम्झना गरिनेहरू पर्दछन् ।

यस स्थानको प्रयोग गरी ती विलक्षण व्यक्तिहरूलाई आफ्नो सम्मान व्यक्त गर्नुहोस् । आफ्ना साथी वा सहकर्मीहरूको नामहरू थप्नुहोस्; उनीहरूका फोटाहरू साझा गर्नुहोस्; सन्देशहरू लेख्नुहोस् । वा यहाँ उभिएर उनीहरूका सम्झनालाई ताजा बनाउनुहोस् ।

*स्थान:* दरबार चोक

**भोज तथा रमाइलो !**

**मे २९: बलिउड साँझ (साँझ ९ बजेपछि)**
विशेष समारोहमा लगाउने लुगाहरू र लामो हिल भएका जुत्ता लगाउनुहोस् र नृत्य, संगीत तथा खुसीयालीमा हामीसँग जोडिनुहोस् । त्यहाँ रहेका डिजेलाई दिन आफूलाई मन परेको गीतहरू ल्याउनुहोस् ।

**मे ३०: फेसन सो (साँझ ९:३० बजेपछि)**

फेसन सो फेसन तथा मनोरञ्जनको झकिझकाउ साँझ हुनेछ; न्याय र समानताका लागि हामी सबै सहभागी हुने परेड पनि हुनेछ । यो रोमाञ्चक काम हुनेछ भन्नेमा हामी विश्वास दिलाउँछौँ र र आफ्नो शैली अभिव्यक्त गर्ने अवसर पनि । यसमा प्रयोग गरिने कपडा तथा अन्य सहायक सामग्रीहरू आफूसँग ल्याउनुहोस् वा आफू जस्तो हुनुहुन्छ त्यसरी नै आउनुहोस् । आफ्ना साथीहरूसँग वा एक्लै,आफूलाई जेमा सहज लाग्छ त्यही गर्नुहोस्, न्याम्पमा हेर्नुहोस् । यौनकर्मीहरूका अधिकारका लागि हामी सबै हिँड्नका लागि सँगै आऔँ !

तपाईंले नाम दर्ता गर्नका लागि हामी एउटा फारम साझा गर्नेछौँ र त्यसमा स्टेजमा प्रयो गर्ने आफ्नो नाम लगायत कुनै सन्देशहरू भए कार्यक्रम सञ्चालकलाई पठाउनुहोस् । सीआरईएकी सुस्मा लुथ्रालाई संगीतको बारेमा कुनै माग भए जानकारी गराउनुहोस् ।

**मे ३१: संगीत तथा नृत्य साँझ (साँझ ९ बजेपछि)**
सम्मेलनको अन्तिम दिन संगीत तथा नृत्यको शक्ति मार्फत आफूलाई पुनर्जागृत गरौँ ! गीतहरू सिफारिस गर्न एकदमै प्रोत्साहित गरिन्छ !